रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल
☎०३१-४५००३५

प.सं.:-२०७८/०७९
च.नं.:- २२०

मिति: -२०७८/०५/२५

श्री वडा कार्यालयहरु सबै,
रुपनी गाउँपालीका,रुपनी,सप्तरी ।

विषय :सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको च.नं.३६३ मिती २०७८।०५।३ गतेको प्राप्त पत्रको छाँया प्रती यसै पत्र साथ संलग्न छ । सोही बमोजीम समाजिक सुरक्षा भत्ता सम्बन्धमा गर्न गराउनु हुन अनुरोध छ । साथै आ.व. ०७८।७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्ने हुदाँ सोहि बमोजिम नविकरण लगायतका आवश्यक कार्य गर्नुहुन अनुरोध छ ।

..................
२०७८/५/२५

जामुन कुमार दास
नि.प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोद्धार्थ :
श्री सुचना प्रविधी शाखा :website मा upload गरी
सम्पुर्ण वडा कार्यालयहरुमा ईमेल मार्फत जानकारी गराई दिनुहुन ।

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००९१४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. - २६३

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति ०७८/५/३

विषय: निर्देशन गरिदिने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको मिति २०७८/४/३१ गतेको बैठकको निर्णयानुसार सबै स्थानीय तहलाई देहाय बमोजिम निर्देशन गरिदिनु हुन अनुरोध छ।

देहाय:

१. सम्बन्धित स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनलाइन विवरण (Forward Feed) तयार गर्दा पूर्ण विवरण प्रविष्टि गरी तयार गर्ने।

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) अनुसार चालु आ.व २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्ने हुँदा सोही बमोजिम नवीकरण लगायतका आवश्यक कार्य गर्ने।

३. महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को अवस्थालाई समेत मध्यनजर गर्दै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका लाभग्राहीहरुलाई भत्ता प्राप्त गर्नबाट वञ्चित नहुने अवस्था सुनिश्चित गर्न आवश्यक घटना दर्ता लगायतका आवश्यक आधार र प्रमाण जुटाई सरल र सहज तवरले नवीकरण गर्ने आवश्यक व्यवस्था गर्ने।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERS-MIS) मा अनिवार्य प्रविष्टि गर्ने र सामाजिक सुरक्षा भत्ताको लागि बजेट माग गर्दा सो विवरणको आधारमा माग गर्ने।

५. बैंकिङ प्रणाली लागु हुन अघि सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कतिपय व्यक्तिको दोहोरो लगत खडा गरेको, हुँदै नभएका व्यक्तिको नाम समेत लाभग्राहीको सूचीमा राखिएको र लगत कट्टा गर्नु पर्ने व्यक्तिको लगत कट्टा नगरेको हुँदा बैंकिङ प्रणाली लागु भएपश्चात पनि सोही बमोजिमको लाभग्राही विवरण बैंकमा पठाउदा त्यस्ता व्यक्तिहरुको नाममा समेत रकम जम्मा भएको पाइएकोले लाभग्राही विवरण अनिवार्य अद्यावधिक गरी लाभग्राहीको वास्तविक विवरण यकिन गर्ने।

टेलिफोन : ४२११४६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

संख्या र मिति :-

मिति :

६. नेपाल सरकारको अनिवार्य दायित्वको रुपमा रहेको सामाजिक सुरक्षा भत्तालाई प्राथमिकतामा राखी सो को समग्र व्यवस्थापनका लागि आवश्यक स्रोत साधन तथा जनशक्ति परिचालन गर्ने।

७. ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति अशक्त, अपाङ्गता भएका व्यक्तिहरु र दुर्गम स्थान तथा जोखिममा रहेका लाभग्राहीहरु पहिचान गरी त्यस्ता लाभग्राहीहरुलाई बैंकसँगको समन्वयमा थप सेवा दिन घुम्ती बैंकिङ्ग सेवा/शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्ने।

८. सामाजिक सुरक्षा भत्ताका लाभग्राही खातावालाहरुलाई ATM, SMS, E-banking, Mobile banking लगायतका अन्य बचत खाता सरहको सुविधाहरु प्रदान गर्ने सम्झौता भएका बैंकहरु सँग सम्झौता गर्ने।

९. लाभग्राहीको खातामा रकम जम्मा भएलगत्तै बैंक खाताबाट पैसा निकाली हाल्नुपर्छ भन्ने सोचका साथ एकै दिन ठुलो समुहमा लाभग्राहीहरु बैंकमा भुक्तानी लिन आउने गरेकोले भिडभाड तथा कार्यचाप बढ्ने गरेको पाइएको हुँदा लाभग्राहीले अनुकूल जुनसकै समयमा आफ्नो खातामा भएको रकम निकाल्न सक्ने व्यवस्था बारे जनचेतना अभिबृद्धि गर्ने।

२०७८/०५/०३

(मेघ राज शंकर)
शाखा अधिकृत

श्रीमान्,
अनुरोध भई आए बमोजिम सर्वै स्थानीय तहहरूलाई
Email मार्फत जानकारी गराउन स्वीकृतार्थ पेश
गरेको छु। २०७८/०५/२०